का.जि.प्र.का.द.नं. १००/०५९/६०
८ वैशाख २०८१,
शनिबार
20 April 2024,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्नु
वर्ष २२, अंक ६७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

उपनिर्वाचन

## रास्वपाले कांग्रेस–एमालेलाई दिइरहेको तनाव

आमचुनावमा २० सिट जितेर राष्ट्रिय राजनीतिमा उदाएको रास्वपाले गत वर्ष वैशाखमा सम्पन्न उपचुनावमा थप एक सिट जितेको थियो । आगामी १५ वैशाखमा हुने उपनिर्वाचनमा फेरि इलाम-२ जितेर २२ पुर्‍याउने लक्ष्य रास्वपाले लिएको छ । तर रास्वपालाई जसरी पनि रोक्ने रणनीतिमा कांग्रेस र एमालेका नेताहरु देखिन्छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ७ वैशाख ।

इलाम-२ मा रिक्त प्रतिनिधिसभा सदस्यको उपनिर्वाचन हुँदैछ । तर यसको चासो सिंगो मुलुकभर छ । काठमाडौंमा बसेर लेखाजोखा गरिरहेका राजनीतिक दलहरु पछिल्लो समय इलाम-२ को प्रचारका लागि पुगेका छन् ।

रास्वपाले उपनिर्वाचन घोषणा भएदेखि नै केन्द्रीय नेताहरुलाई खटाएको थियो । शीर्ष नेताहरुले पनि स्थानीय स्तरमै पुगेर प्रचार गरिरहेका छन् । रास्वपाको आक्रमक प्रचारपछि नेपाली कांग्रेस र नेकपा एमाले झस्किएको देखिन्छ ।

कांग्रेसका सभापति शेरबहादुर देउवाले बिहीबार पार्टीका उपसभापति पूर्णबहादुर खड्कासँग उपचुनावको ब्रिफिङ लिएका





थिए । पार्टी महामन्त्री गगन थापा, नेता शेखर कोइराला लगायत फिल्डमै पुगेका छन् ।

एमालेका अध्यक्ष केपी शर्मा ओली बुधबार इलाम पुगेका थिए । एमालेका अन्य नेताहरु पनि उपनिर्वाचनमा केन्द्रित भएका छन् । रास्वपाका शीर्ष नेताहरुले जमेर प्रचार गरेपछि कांग्रेस र एमाले नेताहरु पनि इलाम केन्द्रित भएका हुन् ।

संघीय संसदमा एक सिटले संसदीय अंकगणितका लागि धेरै अर्थपूर्ण नभएतापनि राजनीतिक भविष्यको संकेत हुने भएकाले रास्वपा र पुराना दलहरुले उपनिर्वाचनलाई प्रतिष्ठाको विषय बनाएका हुन् । नयाँ दलहरुसँगै पहिचानवादीले पनि उपनिर्वाचनलाई प्रतिष्ठाको विषय बनाएका छन् ।

निर्वाचन परिणामले राजनीतिक दलहरुको र पहिचानवादी मुद्दाको भविष्य समेत जोडिने भएकाले सबैको साझा मुद्दा पहिचान स्थापित गर्ने हुन पुगेको छ ।

४ मंसिर ०७९ को आमचुनावमा २० सिट ल्याएको रास्वपा उपनिर्वाचनबाट २१ पुगेको र इलाम २ मा जितेर २२ पुर्‍याउने ध्याउन्नमा छ । इलाम २ जिते २०८४ मा बहुमत आउने पुष्टि हुने भनी प्रचारमा रहेको रास्वपाको क्रेज रोक्न एमाले र कांग्रेस सक्रिय भएर लागेका हुन् ।

गत आम चुनावबाट निर्वाचित सदस्य सुवासचन्द्र नेम्वाङको २६ भदौमा >>> पृष्ठ २ मा

गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं।
- गर्मी मौसम्मा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन्,
- संक्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बेरुजु घटाउन सुर्कलर

**मनीषा अवस्थी/मध्यान्ह**
काठमाडौं, ७ वैशाख ।

चालू आर्थिक वर्षका लागि बिनियोजित बजेट फ्रिज नहुने गरी काम गर्न विकासे अड्डाहरूलाई आन्तरिक सर्कुलर जारी गरिएको छ । महालेखा परीक्षकको कार्यालयले बढी बेरुजु देखाउने अर्थ र भौतिक पूर्वाधार मन्त्रालय मातहतका निकायलाई सकेसम्म बेरुजु हुन नदिन आग्रहसहितको पत्राचार गरेको स्रोतले बताएको छ ।

> अर्थ र भौतिक पूर्वाधार मन्त्रालयले मातहतका निकायलाई सकेसम्म बेरुजु हुन नदिन आग्रह सहितको पत्राचार गरेको स्रोतले बताएको छ ।

भौतिक पूर्वाधार मन्त्रालय स्रोतले भन्यो, 'वर्षेनि बेरुजु बढिरहेको छ । यो पाली सक्दो कम बेरुजु हुनेगरी कागजपत्र मिलाउन र बजेट फ्रिज हुन नदिन आग्रहसहितका परिपत्र गरेको छ ।' स्रोतकाअनुसार बढी बेरुजु देखिने अर्थ मन्त्रालयले पनि सोही प्रकृतिको परिपत्र जारी गरेको छ ।

लामो समयदेखि अर्थ मन्त्रालय नै बेरुजुको अग्र स्थानमा रहेको छ । निरन्तर बेरूजुको अग्रस्थानमा पर्नुलाई आर्थिक अनुशानहीनताको पराकाष्टा भन्ने टिप्पणी गरिन्छ । महालेखा परीक्षकको कार्यालयको पछिल्लो दशकको तथ्यांकअनुसार अर्थको बेरुजु बढी देखिएको छ भने भौतिक पूर्वाधार मन्त्रालय पनि सँगैसँगै छ ।

लेखा परीक्षक महालेखा परीक्षकको कार्यालयको ६०औं प्रतिवेदनअनुसार गत आर्थिक वर्ष २०७८/०७९ मा संघीय मन्त्रालय मध्ये अर्थ मन्त्रालयको बेरुजु ५७ दशमलव ६६ प्रतिशत छ । त्यो आर्थिक वर्ष अर्थ मन्त्रालयको कूल बेरुजु ३२ अर्ब ४६ करोड छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको बेरुजु १५ दशमलव ६२ प्रतिशत छ ।

त्यसअघि ५९औं प्रतिवेदनमा पनि अर्थ मन्त्रालयको बेरूजु सबैभन्दा अगाडि छ । सो प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७७/०७८ मा अर्थमन्त्रालयको कूल बेरूजु १९ अर्ब ९२ करोड छ । सो वर्ष अर्थ मन्त्रालयमा देखिएको बेरूजु कूल लेखा परीक्षण गरिएको अंकको ४० प्रतिशतभन्दा बढी छ ।

यसैगरी आर्थिक वर्ष २०७६/०७७ मा पनि अर्थको बेरूजु संघीय कार्यालय मध्ये पहिलो नम्बरमा परेको थियो । उक्त आर्थिक वर्षमा संघीय सरकारी कार्यालयको कुल बेरुजुको २६ दशमलव ८३ प्रतिशत बेरुजुको >>> पृष्ठ २ मा



## ऐतिहासिक भ्रमणमा नेपाल आउँदै कतारी राजा

नेपालीहरुको प्रमुख रोजगार गन्तव्य मुलुक बनेको कतारका राजाले नेपाल भ्रमण गर्ने निश्चित भएको छ । तर खाडी मुलुकहरुबाटै पहिलोपल्ट हुन लागेको उच्चस्तरीय भ्रमणलाई लिएर आवश्यक तयारी सरकारले गरेको देखिँदैन ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, ७ वैशाख ।

कतारी राजा शेख तमिम बिन हमाद अल थानीले नेपाल भ्रमण गर्दैछन् । परराष्ट्र मन्त्रालयका अनुसार कतारी थानीले यहि वैशाख ११ र १२ गते नेपाल भ्रमण गर्न लागेका हुन् ।

नेपालीहरुको प्रमुख श्रम गन्तव्य मुलुकबाट हुन लागेको यो अहिलेसम्मकै उच्चस्तरीय भ्रमण हो । १९ वर्षअघि अर्थात् सन् २००५ मा नेपाल र कतारबीच श्रम सम्झौता भएको थियो । त्यसयता समेत ठूलो संख्यामा नेपालीहरु कतार पुगेका छन् । कतारी राजाको भ्रमणका अवसरमा नयाँ श्रम सम्झौता गर्ने तयारी भएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

नेपाल भ्रमणका क्रममा कतारी राजा शेख तमिमको राष्ट्रपति रामचन्द्र पौडेल लगायत अन्य उच्चस्तरीय भेटवार्ता गर्ने कार्यक्रम तय भएको छ । यसअघि गत कात्तिकमा हुने भनिएको कतारी राजाको नेपाल भ्रमण इजरायल-हमास युद्धका कारण स्थगित भएको थियो । कतारी राजा शेख तमिमले सन् २०१३ देखि कतारको शासनसत्ता सम्हाल्दै आएका छन् ।

कतारी राजाको शेख तमिमका उच्चस्तरीय भ्रमणले नेपाल र कतार सम्बन्ध नयाँ उचाइमा पुग्ने विश्वास लिइएको छ । भ्रमणका क्रममा व्यापार, लगानी र संस्कृति आदनप्रदान गर्ने लगायतका विषयहरुमा समेत छलफल हुनेछ ।

नेपालको कृषिमा, भौत्तिक पूर्वाधार र मानव विकासमा कतारको लगानी भित्र्याउनका लागि कुराकानी हुन सक्ने परराष्ट्र मन्त्रालयले जनाएको छ । दुई देशका जनताका बीचमा सम्बन्ध स्थापित गर्ने र यसमार्फत् अगाडि बढ्ने >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## चैतमा विदेशिए झण्डै ७१ हजार कामदार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ वैशाख

चालु आर्थिक वर्षको ९ महिनामध्ये मंसिर र चैतमा धेरै नेपाली युवायुवती रोजगारी खोज्दै विदेशिएका छन् । चालु आर्थिक वर्षको ९ महिनामा करिब साढे पाँच लाख युवायुवतीले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएकोमा मंसिर र चैत महिनामा सबैभन्दा बढी नेपाली विदेशिएका हुन् ।

वैदेशिक रोजगार विभागको चैत महिनाको प्रगति विवरणअनुसार उक्त महिनामा मात्रै ७० हजार ९ सय ३३ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । त्यसमा म्यानपावर कम्पनी अर्थात संस्थागतरुपमा गएकाको संख्या ३३ हजार ३ सय ६९ रहेको छ । बाँकी ३७ हजार ५ सय ६४ जना पुनः श्रम स्वीकृति, व्यक्तिगत, सरकारी प्रक्रिया जीटुजीका प्रक्रियाबाट गएका हुन् । गत मंसिरमा ७१ हजार २ सय ७६ जनाको श्रम स्वीकृति भएकोमा म्यानपावर कम्पनीमार्फत २५ हजार ४५ जनाको मात्रा श्रम स्वीकृति भएको थियो ।

विभागका अनुसार अघिल्ला महिनाहरूमा जस्तै चैत महिनामा पनि वैदेशिक रोजगारीका लागि यूएई जाने क्रम अग्रपंक्तिमा छ । विभागको तथ्यांकअनुसार चैतमा १७ हजार ८ सय १८ जना नेपाली रोजगारीका लागि यूएई पुगेका छन् । >>> पृष्ठ २ मा

### साउदीमा जेल परेका रोल्पाका परियार सकुशल घर फिर्ता



**सुर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, ७ वैशाख

साउदी अरेबियाको जेलमा परेका विनोदलाल परियार सकुशल घर फर्किएका छन् । करिब पाँच वर्ष अगाडि रोजगारीको सिलसिलामा परियार साउदी पुगेका थिए । २०८० साल मंसिरदेखि फागुनसम्म सञ्चालन गरिएको उद्धार अभियानमार्फत परियार बिहीबार आफ्नै >>> पृष्ठ २ मा

### मञ्चद्वारा नयाँ वर्षको क्यालेन्डर सार्वजनिक

काठमाडौं/मस– प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले यस वर्षको क्यालेन्डर सार्वजनिक गरेको छ । शुक्रबार एक कार्यक्रमबीच सत्तारूढ दल नेकपा एमालेका स्थायी कमिटी सदस्य भानुभक्त ढकाल, स्थायी कमिटी सदस्य मुकुन्द न्यौपाने, नेपाल उद्योग तथा व्यवसायी महासंघका अध्यक्ष एवम् नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष >>> पृष्ठ २ मा

सुप्रिम सहकारी ठगी

## अध्यक्ष गुरुङ थुनामा जिबी राईलाई ३५ दिने म्याद

२८ जनाविरुद्ध मुद्दा दायर गरेकामा थुनछेक बहसका क्रममा ७ जनामात्रै उपस्थित भएका थिए । उपस्थित नभएका प्रतिवादीहरुका नाममा म्याद जारी भएको छ ।

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौ ७, बैशाख ।

बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा जिल्ला अदालत रुपन्देहीले सहकारीका अध्यक्ष ओमप्रकाश गुरुङलाई पुर्पक्षका लागि जेल पठाउने आदेश दिएको छ । ६ जनालाई धरौटीमा छाड्ने आदेश दिएको छ ।

थुनछेक बहसपछि न्यायाधीश डा. श्रीप्रकाश उप्रेतीको इजलासले सहकारीका अध्यक्ष गुरुङलाई थुनामा पठाउने आदेश दिएका हुन् । उप्रेतीको इजलासले पूर्व उपराष्ट्रपति नन्दबहादुर पुनका छोरा दीपेशकुमार पुनलाई ४ लाख



धरौटीमा छाड्ने आदेश दिएको छ । धरौटी नबुझाउपछि पुन नि थुनामा पुगेका छन् ।

त्यस्तै, सहकारीको भैरहवा शाखा व्यवस्थापक दुर्गा पाण्डेय चापागाईंलाई १८ लाख, नवीन अछामीलाई १० लाख, नीता थापालाई २ लाख, >>> पृष्ठ २ मा

नेसनल पेमेन्ट गेटवे भ्रष्टाचार

### सुनिल पौडेल दोषी ठहर ८ जनाले पाए सफाइ



राष्ट्रिय सूचना प्रविधि केन्द्र (एनआईटीसी)का तत्कालीन उपनिर्देशक एवं कार्यकारी निर्देशक सुनिल पौडेललाई विशेष अदालतले दोषी ठहर गरेको छ । नेसनल पेमेन्ट गेटवे खरिदमा भ्रष्टाचार भएको भन्दै अदालतले दोषी ठहर गरेको हो । विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर र न्यायाधीश मुरारीबाबु श्रेष्ठको संयुक्त इजलासले पौडेललाई दोषी ठहर गरेको हो । >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
८ वैशाख २०८१, शनिबार
20 April 2024, Saturday

# भारतले रोक्यो नेपाली चियाको निर्यात

**झापा/मस-** भारतले पटके गुणस्तर परीक्षणको नयाँ प्रावधान लागू गरेर नेपाली चियाको निर्यात रोकेको छ । नेपालका चिया उद्यमीहरुले यसबाट गम्भीर संकट निम्तिने बताएका छन् ।

पूर्वीनाका काँकडभिट्टाबाट जाँचपास भएर भारतीय सीमावर्ती पानीटङ्की नाका पुगेको १७ ट्रक तयारी चिया शुक्रबार भारतले रोकेको हो । चिया निर्यातको अनुमति नपाएर रोकिएका ती ट्रकहरु पानीटङ्कीको सडकमा असुरक्षित अवस्थामा रहेको चिया व्यवसायी एवम् भन्सार प्रतिनिधि रोशन अग्रवालले बताए ।

मेची भन्सार कार्यालय काँकडभिट्टाका प्रमुख रामप्रसाद रेग्मीले भारतीय भन्सारमा नेपाली चिया रोकिएको स्वीकार गर्दै त्यसलाई खुलाउन स्थानीय र केन्द्रीय तहबाट प्रयास भइरहेको बताए । भारतीय नाकामा नेपाली चिया रोकिएको



जानकारी आएपछि पानीटङ्कीस्थल भन्सार कार्यालयका समकक्षीसँग शुक्रबार भेटेर समस्या समाधानका लागि आग्रह गरेको भन्सार प्रमुख रेग्मीले बताए ।

मेची उद्योग वाणिज्य संघका अध्यक्ष खेमराज प्रसाईंले नेपाली चियाको निर्यात रोक्न भारत सरकारले गुणस्तर परीक्षणको नयाँ बखेडा झिकेको प्रतिक्रिया दिए । तत्काल यसको समाधान नखोजिए नेपाली चिया उद्योग संकटमा फस्ने उनको भनाइ छ ।

चिया व्यवसायी एवम् भन्सार प्रतिनिधि अग्रवालका अनुसार पानीटङ्कीस्थित भारतीयस्थल भन्सार कार्यालयले हरेक ट्रकमा नेपाली चियाको अलग-अलग गुणस्तर परीक्षण गरिनुपर्ने नयाँ नियम लगाएर निर्यातमा रोक लगाएको हो ।

पानीटङ्की भन्सारमा गोदामको सुविधा नभएकाले नेपालबाट चिया 'लोड' भएर गएका १७ वटा ट्रक खुला सडकमा अलपत्र परेको उनले बताए । त्रिपालले छोपेर सडकमा अलपत्र अवस्थामा चिया राखिएको ट्रकमा राति चोरी हुनसक्ने जोखिम छ । अलपत्र ट्रकहरुमध्ये नेपाल चिया विकास निगमको छवटा ट्रक छन् भने अन्य सामान हिमालयन रेञ्जलगायत चिया उद्योगका हुन् ।

सिटिसी र अर्थोडक्स गरी दुवै प्रकारका चिया भारत निर्यात हुँदै आएको छ । नेपाली चियाको ९० प्रतिशत निर्यात भारतमै हुने गरेको छ । निर्यात हुने चियाको ९२ प्रतिशत काँकडभिट्टा नाका भएर भारत जाने गरेको छ । चिया व्यवसायीका अनुसार भारतले नेपालमा गरिएको गुणस्तर जाँचको रिपोर्टलाई मान्यता दिएको छैन ।

# सडक दुर्घटना न्यूनीकरण गर्न तालिम प्रदान

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची,७ वैशाख

सडक डिभिजन कार्यालय शिवपुर कपिलवस्तुले सडकहरुको नियमित मर्मत सम्भार एवं सडक दुर्घटना न्यूनीकरणका लागि तालिम प्रदान गरेको छ ।

डिभिजन प्रमुख विवशबाबु सदादेवले लेन्थवर्कर तथा सुपरभाइजरहरुलाई तालिम दिइएको बताए । सडकहरुमा काम गर्दा बेलाबेला देखिने पटहोल लगायतका विभिन्न खाल्डाखुल्डीहरु नियमित मर्मत सम्भार गर्न, लेन्थवर्कर सुपरभाइजरहरुलाई उत्प्रेरणा जगाउन यस्ता तालिम कार्यक्रम गरिएको सडक डिभिजन प्रमुख सदादेवले बताए ।



संघीय सडक डिभिजन कार्यालय बुटवलका डिभिजन प्रमुख विसुनदास लामाले कपिलवस्तु अर्घाखाँची सडक अन्तर्गतका मर्मत सम्भार एवं सडक दुर्घटना न्यूनीकरण अन्त्य गर्नका लागि लेन्थवर्कर सुपरभाईजरहरुको भूमिका महत्वपूर्ण हुने बताए ।

सडक डिभिजन कपिलवस्तु शिवपुरका डिभिजन इन्जिनियर विवशबाबु सदादेवले तालिमको सहजीकरण गर्दै सडकको नियमित मर्मत सम्भारमा कुनै विषयमा कन्जुस्याईं नगरी अग्रपंक्तिमा काममा तैनाथ हुन सम्पूर्ण लेन्थवर्कर सुपरभाइजरहरुलाई अभिप्रेरित गरे ।

कार्यक्रममा लेन्थवर्कर सुपरभाइजरको तर्फबाट कृष्ण केसी लगायतले सडक मर्मत सम्भारमा खटिने जनशक्तिलाई राज्यले सम्मानजनक व्यवहार गर्नुपर्नेमा जोड दिएका थिए ।

# उदयपुरमा सडक दुर्घटना, एकको मृत्यु

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ७ वैशाख

उदयपुरमा सडक दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा त्रियुगा नगरपालिका -९ राजाबास बस्ने २४ वर्षीय बबि दनुवार रहेको जिल्ला प्रहरी कार्यालय उदयपुरका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक राजन चापागाईंले जानकारी दिए ।

मदनभण्डारी लोकमार्ग सडक अन्तर्गत त्रियुगा नगरपालिका-९ राजाबासमा शुक्रबार बिहान गाडीले ठक्कर दिँदा घाइते उनको जिल्ला अस्पताल उदयपुरमा उपचारको क्रममा मृत्यु भएको चापागाईंले बताए । ठक्कर दिने गाडीको खोजी कार्य र दुर्घटनाको बारेमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

# उपचारका लागि सहयोगको याचना

**काठमाडौं/मस-** उदयपुर चौदण्डीगढी नगरपालिका वडा नं. ६ का अम्बरबहादुर भुजेलले उपचारका लागि सहयोगको याचना गरेका छन् ।

३९ वर्षीय भुजेलको कलेजोले पूर्णरुपमा काम गर्न छाडेको छ भने मिर्गौलामा समेत असर परेको छ । जसका कारण उनको पेटमा पानी जमेको छ । उनको पेटको पानी महिनामा ५ पटक निकाल्नुपर्ने बाध्यता रहेको छ ।

हाल विपी कोइराला स्वास्थ्य विज्ञान प्रष्तिठान, धरानलगायतका अस्पतालमा उनको उपचार भइरहेको छ । डाक्टरहरुले उनको उपचारका ठूलो धनराशी खर्च हुने



बताएका छन् ।

तर आर्थिक अवस्था कमजोर रहेका भुजेलले उपचार गराउन सकिरहेका छैनन् ।

उनले आफुलाई उपचारका लागि सहयोग गरिदिन सम्पूर्णमा आग्रह समेत गरेका छन् । उनले भने, 'मलाई लामो समय बाँच्ने इच्छा छ । त्यसैले कृपया मेरो पीडालाई मनन गर्दै आर्थिक, भौतिक तथा नैतिक सहयोग गरिदिनुहुन सबैमा विनम्र अनुरोध गर्दछु । तपाईंहरूको सानो सहयोग मेरो अमूल्य शरीरका लागि जीवनदान हुनेछ ।' उनलाई सहयोग गर्न चाहने महानुभावहरुले लक्ष्मी सनराइज बैंकको खाता नं.०४४१४३९४२६२०५००१ (सन्तोषकुमार भुजेल, दाई) मा रकम जम्मा गर्न वा मोबाइल नं. ९८०५९६३५४३ मा सम्पर्क गर्न सकिनेछ ।

## उपनिर्वाचन...

निधन भएपछि रिक्त इलाम २ मा उपनिर्वाचन हुन लागेको हो । २०४८ सालदेखि लगातार जित्दै आएको निर्वाचन क्षेत्र भएकाले एमाले विरासत जोगाउने प्रयासमा छ भने कांग्रेस एमालेको विरासत तोड्न चाहन्छ । तर यो बेला रास्वपा प्रचारमा हावी भएपछि कांग्रेस र एमाले दुवै झस्किएका छन् । रास्वपा भने इलाम २ मा चुनाव जितेर पूर्वी नेपालमा पनि आफ्नो प्रभाव स्थापित गर्न चाहन्छ । अर्कोतर्फ उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी, डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी र धरानका मेयर हर्क साङपाङको समर्थन पाएका स्वतन्त्र उम्मेदवारमार्फत पहिचानवादी आफ्नो एजेन्डा स्थापित गर्ने रणनीतिमा लागेका छन् ।

एमाले उम्मेदवार सुहाङ नेम्वाङलाई माओवादी केन्द्र र विप्लव नेतृत्वको नेकपाको समर्थन छ । अन्य दलबीच गठबन्धन छैन । सत्ता गठबन्धनमा रहेका दल एमाले, रास्वपा र एकीकृत समाजवादीका भिन्दाभिन्दै उम्मेदवार छन् ।

अद्यावधिक नामावलीअनुसार इलाम २ मा एक लाख १५ हजार आठ सय ८९ मतदाता छन् । इलाम २ मा कांग्रेसका डम्बरबहादुर खड्का उम्मेदवार छन् । गत चुनावमा खड्का एमालेका सुवास नेम्वाङसँग ११४ मतले पराजित भएका थिए । अघिल्लो हारको बदला लिने खड्काको दाउ छ ।

रास्वपाका तर्फबाट मिलनकुमार लिम्बू उम्मेदवार छन् । पत्रकारिता पृष्ठभूमिका लिम्बुले रास्वपा प्रवेश गर्दै विकास र पहिचानको एजेन्डा बनाएका छन् । स्वतन्त्र उम्मेदवार डकेन्द्रसिंह लिम्बूलाई पहिचानवादी शक्तिले समर्थन गरेका छन् ।

उम्मेदवारहरु चुनावी प्रचारमा छन् । उम्मेदवारसँगै नेता/कार्यकर्ता गाउँ-गाउँमा गएर भोट मागिरहेका छन् । स्थानीयहरु इलाम २ मा कांग्रेस, एमाले र रास्वपा बीच त्रिपक्षीय प्रतिस्पर्धा हुने बताउँछन् । पहिचान पक्षधरले नतिजा प्रभावित पार्न सक्ने कतिपयको आंकलन छ ।

केही समय अगाडिसम्म कांग्रेस र एमालेले एक-अर्कालाई प्रतिस्पर्धी ठानेका थिए । पछिल्लो समय रास्वपाको चुनावी प्रचारले कांग्रेस र एमाले नै झस्किएका छन् । कतिपय स्थानीयका अनुसार रास्वपाले एमालेलाई आफ्नो मुख्य प्रतिस्पर्धी ठानेको छ ।

## ऐतिहासिक...

कतारको समेत चाहना रहेको बताइन्छ । यसका लागि आवश्यक सम्झौताहरु हुन सक्ने पनि बताइएको छ । तर कतारबाट हुन लागेको उच्च स्तरको भ्रमणबारे आवश्यक तयारी सरकारले गरेको देखिदैन । जबकी कतारी राजा नेपाल आउने समय अब केही दिन मात्रै बाँकी छ ।

## बेरूजु...

हिस्सा अर्थ मन्त्रालयले लिएको थियो । यस्तै आर्थिक वर्ष २०७५/७६ मा पनि सरकारी कार्यालयतर्फको कुल बेरुजुमा अर्थ मन्त्रालय नै पहिलो नम्बरमा छ । उक्त आर्थिक वर्षको कुल बेरुजुको २९ दशमलव ६६ प्रतिशत बेरुजु अर्थको भागमा परेको थियो ।

यसैगरी आर्थिक वर्ष २०७४/७५ मा सरकारी कार्यालय तर्फको कुल बेरुजुको १७ दशमलव ०५ प्रतिशत हिस्सा लिएको थियो । उक्त आर्थिक वर्षमा भने सरकारी कार्यालय तर्फको बेरुजुमा अर्थ मन्त्रालय दोस्रो नम्बरमा परेको थियो ।

सो आर्थिक वर्षको कुल बेरुजु अंक ९४ अर्ब ८१ करोड ५४ लाखमध्ये अर्थ मन्त्रालयमा मात्रै ३० करोड ३० लाख बेरुजु देखिएको थियो । उक्त आर्थिक वर्षमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय पहिलो नम्बरमा थियो । मन्त्रालयको २२ दशमलव ४३ प्रतिशत बेरुजु देखिएको थियो ।

यस्तै महालेखा परीक्षकको कार्यालयले गरेको आर्थिक वर्ष २०७३/७४ मा गरेको लेखापरीक्षण प्रतिवेदनमा भने अर्थ मन्त्रालय नै बेरुजुको पहिलो नम्बरमा थियो । उक्त आर्थिक वर्षमा सरकारी कार्यालयतर्फ देखिएको कुल बेरुजु ७१ अर्ब ५० करोड ९६ लाखमध्ये सबैभन्दा करिब आधा अर्थात् ४४ दशमलव २ प्रतिशत बेरुजु अर्थ मन्त्रालयमा देखिएको थियो ।

सरकारी रकम असुल फर्छ्यौट नियम २०२७ को परिभाषा अनुसार बेरुजु भनेको आन्तरिक लेखा परीक्षण वा अन्तिम लेखा परीक्षणबाट देखिएको वा ठहरिएको कुनै सरकारी आर्थिक कारोबारको अनियमित रकमलाई सम्झनुपर्छ भन्ने लेखिएको छ ।

आर्थिक कार्यविधि ऐन २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुर्याउनुपर्ने रीत नपुर्याइ कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित तरिकाले आर्थिक कारोबार गरेको भनी लेखा परीक्षण गर्दा औंल्याएको कारोबारलाई बेरुजु सम्झनु पर्दछ ।

आर्थिक कार्यविधि ऐन २०५५ का अनुसार असुल गर्नुपर्ने बेरुजु, नियमित गर्नुपर्ने बेरुजु र पेस्की बाँकी गरी बेरुजुलाई तीन प्रकारमा वर्गीकरण गरिएको छ । यस्तो बेरुजुलाई सक्दो छिटो मिलान गर्नुपर्छ ।

आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ५ र आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ११ ले महालेखा परीक्षकले लेखापरीक्षणका क्रममा औंल्याइएका बेरुजु फर्छ्यौट गर्ने प्रक्रियाको व्यवस्था गरिएको छ ।

## चैतमा...

त्यसमा म्यानपावर कम्पनीबाट जाने को संख्या ९ हजार ५ सय ९३ रहेको छ । दोस्रोमा साउदी अरब रहेको छ । समग्रमा १३ हजार ६ सय ४१ जना गएको साउदीमा म्यानपावर कम्पनीमार्फत ५ हजार ९ सय ८९ जना गएका छन् ।

कतारमा चैत महिनामा ११ हजार २ सय ४ जना गएका छन् । त्यसमा म्यानपावर कम्पनीमार्फत जानेको संख्या २ हजार ३ सय २४ मात्रै रहेको छ । मलेसियामा १२ हजार ६ सय २ जना पुगेका छन् । त्यसमा म्यानपावर कम्पनीमार्फत १० हजार २ सय ५७ रहेको छ । यसले नेपाली कामदारको श्रम गन्तव्य खाडी र मलेसिया नै मुख्यरूपमा रहेको देखाएको छ ।

चैत महिनामा कुवेतमा ४ हजार ७६ जना पुगेकोमा म्यानपावर कम्पनीमार्फत २ हजार ५ सय १५ जना गएका छन् । त्यसमा महिला कामदारको संख्या ५ सय २९ रहेको छ । अर्को खाडी मुलुक बहराइनमा ९ सय ६४ जना पुगेका छन् । उक्त मुलुकमा म्यानपावर कम्पनीमार्फत ३ सय ९७ जना गएका छन् ।

चैतमा युरोपेली मुलुकमध्ये रोमानियामा २ हजार २ सय सय ९९ जना गएकोमा म्यानपावर कम्पनीमार्फत ४ सय ५७ जना, क्रोएसिया गएका ९ सय ६० मध्ये म्यानपावर कम्पनीबाट ५८ जना, ७ सय ८१ जना नेपाली गएको साइप्रसमा म्यानपावर कम्पनीमार्फत ६ सय ७७ जना, १ हजार ३ सय ५१ जना गएको जापानमा म्यानपावर कम्पनीमार्फत ७० जना, ४ सय ९३ जना गएको माल्दिभ्समा म्यानपावर कम्पनीमार्फत एक जना, ६ सय २० जना गएको मौरिससमा म्यानपावर कम्पनीमार्फत ३ सय ६५ जना र दक्षिण कोरियामा १ सय ५७ जना, उज्वेकिस्तानमा २० जना, युद्धग्रस्त रसियामा म्यानपावर कम्पनीमार्फत १ सय १ जना रोजगारीका लागि गएका छन् । त्यसैगरी मकाउमा २२ जना, जोर्डनमा १ सय ८९ जना, हङकङमा १३ जना, ब्रुनाईमा ६९ जना गएका छन् ।

चैतमा सरकारले खुला गरेकामध्ये ८८ देशमा नेपाली कामदार वैदेशिक रोजगारीमा पुगेकोमा म्यानपावर कम्पनीहरूले २० मुलुकमा मात्रै कामदार पठाएको विभागको तथ्यांक रहेको छ ।

## साउदीमा...

जन्मठाउँ रोल्पाको माडी गाउँपालिका-५ सरुवा आइपुगेका हुन् । साउदीमा ड्राइभिङ पेसा गर्ने परियारले चलाएको गाडी दुर्घटनामा परेको थियो । त्यसपछि साउदीकै नागरिकले दर्ता गराएको दुर्घटना मुद्दामा उनलाई १० वर्ष जेल र ३० हजार ४ सय २ रियाल जरिवाना तोकिएको थियो ।

त्यसलगत्तै उद्धार अभियान नेपालका तर्फबाट संयोजक रोशन परियारको पहलमा उनको उद्धार गरिएको हो । सो क्रममा देश तथा विदेशमा रहेका नेपाली दाजुभाइ दिदीबहिनीको साथ सहयोगले आफू स्वदेश फर्किन सफल भएको विनोदलाल परियारले बताए । परियारले आफू सहयोग गर्ने सबैको ऋणी भएको समेत बताए । साउदीको जेलबाट उद्धारका लागि सहयोग गर्न भूमिका खेल्ने सबै सहयोगीप्रति परियारका श्रमती रिता परियारले धन्यवाद व्यक्त गरिन् । संयोजक परियारको अध्यक्षतामा बिहीबार एक कार्यक्रमको आयोजना गरी परियारलाई घरमा स्वागत गरिएको थियो । सो क्रममा परियारको उद्धारका लागि संकलन गरिएको आर्थिक सहयोगका बारेमा पनि जानकारी दिइएको थियो ।

परियारको उद्धार अभियानबाट११ लाख ५७ हजार १ सय ६२ रुपैयाँ उठेकोमा परियारको रिहाइका लागि साउदी जेलमा तिरेको रकम १० लाख ६४ हजार ७० रुपैयाँ रहेको संयोजक परियारले जानकारी दिए । परियारलाई काठमाडौंदेखि घरसम्मको भाडा १५ हजार ३ सय ९५ रुपैयाँ, रसिद छपाई तथा छाप बनाउँदा ५ हजार ८ सय रुपैयाँ गरी जम्मा खर्च १० लाख ८५ हजार २ सय ६५ रुपैयाँ रहेको संयोजक परियारले बताए । तिरेर बचेको रकम ७१ हजार ९ सय रुपयाँ दुर्घटना तथा रोगले ग्रसित र उपचार गराइरहेका व्यक्तिहरुलाई सहयोग गर्नेसमेत उनले बताए ।

बचत रकम कार्यक्रमका प्रमुख अतिथि माडी गाउँपालिका ५ भावाङका वडा अध्यक्ष तेजेन्द्र बुढामगर र अभियानका सक्रिय सदस्य तथा नेकपा माओवादी केन्द्रका कार्यवाहक अध्यक्ष भरत बहादुर बुढामगरले हस्तान्तरणसमेत गरेका छन् । जसमा माडी गाउँपालिका ५ टाङधारा निवासी गणसरी वलीलाई ८ हजार, झौबाङ निवासी नरबहादुर वलीलाई ८ हजार ५ सय, बाङ्मा निवासी पर्मलाल बुढामगरलाई ८ हजार ५ सय, एनाबाङ निवासी प्रेम घर्तीमगरलाई ८ हजार ५ सय, जङमाङ निवासी नरसिङ बुढामगरलाई १० हजार, जङमाङ निवासी अमरबहादुर बुढा मगरलाई ८ हजार ५ सय, झौबाङ निवासी हरिकला घर्तीमगरलाई ७ हजार ५ सय र थबाङ गाउँपालिका ४ तेलखोला निवासी अस्मिता विकलाई ९ हजार दिइएको छ ।

विनोदलाल परियार उद्धार अभियानमा भिमबहादुर बाँठा मगर (चिरन), सन्तबहादुर घर्तीमगर, धनबहादुर बुढामगर, सविना घर्तीमगर, पहिलो पाइला नेपाल, प्रकाश बिक, बिष्मलाल परियार, हिरालाल घर्ती, लोकेन्द्र बुढामगर, अमर डाँगी, गौप्रसाद घर्ती, तिर्थ बुढामगर र अन्तर्राष्ट्रिय रोल्पाली सेवा समाज कतार शाखाले आफ्नो तर्फबाट भूमिका निर्वाह गरेका थिए । अभियानका मुख्य संयोजक गंगाराम बुढामगर (जि.आर.गाउँले), यस युनिट टिम प्रवासी समूहका अध्यक्ष, रुपेश बिक, मन बहादुर परियार, भरत बहादुर बुढामगर, नेकपा माओवादी केन्द्र माडी गाउँपालिकाका कार्यवाहक अध्यक्ष र प्रशासनिक सहजीकरण तेजेन्द्र बुढामगर रहेका छन् ।

## मञ्चद्वारा...

तथा प्रतिनिधि सभा सदस्य लालप्रसाद (एलपी) सावा लिम्बूलगायतको उपस्थितिमा क्यालेन्डर विमोचन गरिएको मञ्चका अध्यक्ष जनक रावलले जानकारी दिए । अल्फा बिटा कप्लेक्स नयाँ बानेश्वरमा आयोजित सो कार्यक्रममा मञ्च कार्यसमिति पदाधिकारी तथा सदस्यहरू, सल्लाहकार तथा अग्रज व्यवसायीहरूको उपस्थिति रहेको थियो ।

## सुप्रिम...

दीपक न्यौपानेलाई ४ लाख ४५ हजार र रोशनी गुरुङसँग २ लाख रुपैंयाँ धरौटी माग गरेको छ ।

सुप्रिम सहकारी ठगी प्रकरणमा जिल्ला सरकारी वकिल कार्यालयले २८ जनाविरुद्ध मुद्दा दायर गरेकामा शुक्रबार थुनछेक बहसका क्रममा ७ जना उपस्थित भएको थिए । उपस्थित नभएका प्रतिवादीहरुका नाममा भने म्याद जारी गरिएको छ । यस्तै, कास्की कारागार पोखरामा रहेका कुमार रम्तेल र भविश्वर अर्यालको समेत बयान दिइएको छ । १ हजार ८ सय ३१ जनाले बचत गरेको रकम नपाएपछि सहकारीका सञ्चालक र कर्मचारीविरुद्ध जाहेरी दिएका थिए । सुप्रिम सहकारीले करिब एक अर्ब रुपैयाँ अपचलन भएको देखिएको छ । संस्थाका संस्थापक अध्यक्ष एवं संरक्षक गितेन्द्र बहादुर (जिबी) राई भने सम्पर्कबिहीन छन ।

## नेसनल...

दोषी ठहर भएका पौडललाई सजाय निर्धारणको लागि वैशाख २५ गतेका लागि पेसी तोकिएको छ । पौडेलको सम्पत्ति अस्वाभाविक देखिएपछि अख्तियारले गत माघ १० गते हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ । अख्तियारले नेसनल पेमेन्ट गेटवेको खरिदमा भ्रष्टाचार गरेको आरोपमा ९ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । नेसनल पेमेन्ट गेटवे खरिद भ्रष्टाचार प्रकरणमा सचिव मधुकुमार मरासिनीले सफाइ पाएका छन् । अदालतले मरासिनीसहित ८ जनालाई सफाइ दिएको छ । अदालतले सञ्जय शर्मा, प्रणिता उपाध्यय, रमेश पोखरेल, रामबहादुर बुढा, निमबहादुर वली, रामशरण गायक र सफल श्रेष्ठ सफाइ दिएको छ । नेसनल पेमेन्ट गेटवे खरिदमा २३ करोड २७ लाख रुपैयाँ भ्रष्टाचार भएको भन्दै अख्तियारले गत असोज १५ मा विशेष अदालतमा मुद्दा दायर गरेको थियो ।

**साउदीमा रोजगार** कम्पनी: GHARIB MUHAMMAD MUKHALLED AL-HABARDI TRANSPORT CORPORATION
शहर: Saudi Arabia
पुर्व स्वीकृत मितिः २०८१/०१/०७ चलानी नं.: ६०२१८३८८ L.T. No.:303588

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Trailer Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ६३,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: TOUQ BALAD HOTEL शहर: Saudi Arabia, Jeddah
पुर्व स्वीकृत मितिः २०८१/०१/०७ चलानी नं.: ६०२१८३८७ L.T. No.: 303590

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping workers | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: KARAZ LEBANON RESTAURANT शहर: Saudi Arabia, Jeddah
पुर्व स्वीकृत मितिः २०८१/०१/०७ चलानी नं.: ६०२१८३९० L.T. No.: 303586

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: AL-JERI FUEL OIL STATION COMPANY A ONE PERSON COMPANY शहर: Riyadh
पुर्व स्वीकृत मितिः २०८१/०१/०७ चलानी नं.: ६०२१८३९१ L.T. No.: 303640

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gas Station Attendant | 45 | 0 | स. काममा दक्ष | 1200 | ४२,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ बैशाख १५ गते (27 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

FAZAL INTERNATIONAL PVT. LTD.
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210

**युएईमा रोजगार** | कम्पनी: SKY SCRAPER MIDDLE EAST TECHNICAL SERVICES CO
शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०१/०७ चलानी नं.: ६०२१८३८६ LT. No.: 303570

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/technician | 30 | 0 | स. काममा दक्ष | 1500 | ५४,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख १५ गते (27 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००३/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Basbari Ward No 3, Kathmandu, Nepal Tel.: 01-4956654, 4955978, 9818750078, 9855081120, 9818168234
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
BRANCH OFFICE'S:
Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595
Birtamod : 023-532754 | 9807981913, Butwal: 071591321 | 9846753073, Janakpur: 9807806454 | 9851128051

**मलेसियामा रोजगार** | कम्पनी : LIPTA PALSTIC INDUSTRIES SDN BHD
शहर : Malaysia
पूर्व स्वीकृत मितिः २०८१/०१/०७ चलानी नं.: ६०२१८३८९ LT. No.: 303554

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 5 | 0 | स. काममा दक्ष | 1500 | ४१,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख १५ गते (27 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Grand Fortune Employment Services Pvt. Ltd.
Lic. No. : 1024/068/069
Mitrapark, Kathmandu, Nepal, Phone: 01-4561568 | 9808837647

लक्षित वर्ग नि:शुल्क उपचार

# ३३ जना बिरामीले पाए उपचार, २ जनाको शल्यक्रिया

**काठमाडौं/मस–** दुई जना वेवारिसे र ३१ जना विपन्न गरी ३३ जना बिरामीले काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेका विभिन्न अस्पतालहरुबाट नि:शुल्क उपचार सेवा लिएका छन् । उनीहरुमध्ये १५ जनाको मिर्गौला डाइलासिस भइरहेको छ । उपचार सेवा लिँदालिँदै २ जना विबामीको मृत्यु भएको छ । १२ जना डिस्चार्ज भएकाछन् । १ जनालाई अर्को अस्पतालमा रिफर गरिएको छ । ३ जना अहिले पनि उपचाररत छन् ।

उनीहरुमध्ये ८ जनालाई फेमिली मेडिसिन सेवा दिइएको छ । ३ जनाले दम, क्षयरोग जस्ता छाती सम्बन्धी (पल्मोलोजी) २ जनाले सर्जरी (शल्यक्रिया), २ जनाले आकस्मिक सेवा, १ जनाले स्त्री तथा प्रसुति रोग सेवा, १ जनाले पेट सम्बन्धी र १ जनाले आँखाको उपचार सेवा लिएका जनस्वास्थ्य निरीक्षक धनेन्द्र श्रेष्ठले बताए । सर्जरी गर्ने विरामीमध्ये एकजनाको पित्तथैलीमा स्टोन भएको शल्यक्रिया र १ जनाको हर्नियाको शल्यक्रिया भएको हो ।



उपचारका लागि लागेको प्रतिव्यक्ति खर्च हेर्दा सबैभन्दा कम खर्च आँखाको उपचारका लागि २ हजार ५ सय रुपैयाँ भएको देखिन्छ। धेरै खर्च लागेको उपचार २ लाख ७४ हजार रुपैयाँ बराबरको छ । यो खर्च अस्पतालहरुले व्यहारेका छन् ।

बिरामीहरुमध्ये ६ जनाले पिपल्स डेन्टल कलेज एण्ड जनरल अस्पतालबाट, ३ जनाले काठमाडौं मोडेल अस्पतालबाट, २ जनाले काठमाडौं मेडिकल कलेजबाट उपचार लिएका छन् । यस्तै ब्लु क्रस अस्पताल, मेट्रो अस्पताल, कालीमाटी चेस्ट अस्पताल, मनमोहन टिचिङ अस्पताल, नेपाल आँखा अस्पताल, स्तूपा सामुदायिक अस्पताल र छत्रपाटी सामुदायिक अस्पतालबाट १/१ जना विरामीले सेवा लिएका छन् । मिर्गौला डाइलासिस गर्ने बिरामीहरुले नेशनल मिर्गौला केन्द्रमा उपचार गराइरहेका छन्।

सेवा लिने बिरामीहरुमध्ये ५ जना काठमाडौं महानगरपालिकाका छन् । घोराही उपमहानगरपालिका, दाङ, रासकोट गाउँपालिकाका, कालीकोट, टोखा नगरपालिका, काठमाडौं, ज्वालामुखी गाउँपालिका, धादिङ, मन्थली नगरपालिका, रामेछाप, शैलुङ्ग गाउँपालिका, दोलखा, खजुरा गाउँपालिका, बाँके, पत्थरी शनिश्चरे गाउँपालिका, मोराङ, सीतासाक्सी गाउँपालिका, झापा, भीमसेन गाउँपालिका, गोरखा, नरहरिनाथ गाउँपालिका, कालीकोट, आमचोक गाउँपालिका, भोजपुर, बाट १/१ जना छन् ।

### उपचार सेवा पाउने विधि

लक्षित वर्गले ३ वटा विधिमध्ये कुनै एकबाट सेवा लिन सक्नुहुन्छ। एक विपन्न परिचय पत्र छ भने सिधै अस्पतालमा जान सकिन्छ । दुई, विपन्न परिचय पत्र छैन भने आफू बसोबास गरिरहेको वडाबाट तोकिएको ढाँचामा शिफारिस, सर्जमिन मुचुल्कासहितका कागजपत्र लिएर सेवा लिन सकिन्छ। तीन, यी दुईवटै अवस्थाका कागजपत्र लिन नसक्नेहरुले आफू विपन्न भएको प्रमाण लिएर महानगरपालिकाको नि:शुल्क स्वास्थ्य सेवा सहजीकरण एकाइमा सम्पर्क गर्न सकिनेछ । प्रमाण प्रमाणित हुन सकेमा एकाइले सिफारिस गर्नेछ ।

# रौतहटको लाल बकैया नदीमा बनेको झोलुङ्गे पुल उद्घाटन

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ७ वैशाख



रौतहटको गौर नगरपालिका-२ माहादेवपट्टी र इशनाथ नगरपालिकालाई जोड्ने झोलुङ्गे पुलको उद्घाटन गरिएको छ। लाल बकैया नदीमाथि निर्माण गरिएको बानेश्वरनाथ माहादेव घाट झोलुङ्गे पुलको पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले एक कार्यक्रमका बीच उद्घाटन गरेका हुन् ।

उद्घाटन कार्यक्रममा बोल्दै पूर्वप्रधानमन्त्री एवम् नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष नेपालले पार्टीको भूमिकालाई कसैले बेवास्ता गरे त्यसको जवाफ दिइने बताए ।

गौर नगरपालिकाका मेयर शम्भु साहका अनुसार २ सय ५९ मिटर लम्बाइ रहेको झोलुङ्गे पुल ४ करोड ८७ लाखको लागतमा निर्माण गरिएको हो । मेयर साहले पुल निर्माण भएपछि स्थानीयवासीलाई आवत-जावतमा सहज हुने बताए। उनले विकासका लागि सबै राजनीतिक दल एकजुट हुनुपर्नेमा जोड दिए । आफूले स्थानीयवासीको आवश्यकता र मागलाई प्राथमिकता दिएको उनले बताए । पुल संरक्षणका लागि सरकारसँगै स्थानीयवासीको समेत दायित्व भएकाले पुलको संरक्षणमा जुट्न उनले सबैलाई आग्रह गरे ।

कार्यक्रममा पूर्वमन्त्री डा. बन्शीधर मिश्र, पूर्वविकास समिति सभापति कल्याणी खड्का, संविधानसभा सदस्य सरला यादव, मधेश प्रदेश मन्त्री बेची लुडेली, एकीकृत समाजवादी जिल्ला अध्यक्ष कमल यादव, रेवन्त झा, राजदेवी नगरपालिकाका प्रमुख भिखारी यादव, गौर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवास ठाकुर, पत्रकार माहासंघ रौतहट अध्यक्ष प्रेमचन्द्र झालगायतले पुल निर्माण भएपछि छिमेकी मुलुक भारतदेखि स्थानीयवासीलाई आवत-जावत, सामान ढुवानीसँगै उनीहरूको दैनिकी जीवनमा समेत परिवर्तन ल्याउने विश्वास व्यक्त गरे ।

# बालविवाह न्यूनीकरणका लागि सचेतना



**कमल कुमाल/मध्यान्ह**
कालीकोट, ७ वैशाख

स्थानीयस्तरमा हुने बालविवाह र जबरजस्ती गरिने विवाहजस्ता घटनाहरुलाई न्यूनीकरण गर्नका लागि रास्कोट-४ का किशोर तथा किशोरीहरु बालविवाहविरुद्ध सचेतनाका लागि घरदैलो तथा र्‍याली कार्यक्रम सञ्चालनमा सक्रिय हुन थालेका छन् ।

प्लान इन्टरनेश्नल नेपालको आर्थिक सहयोग र सामाजिक जागरण तथा विकास प्रतिष्ठान सादा नेपालको साझेदारीमा सञ्चालित नोराड परियोजनाअन्तर्गत किशोरी क्लबको आयोजनामा बालविवाहविरुद्धको सचेतना अभिवृद्धिसम्बन्धी र्‍याली तथा कार्यक्रम गरिएको हो ।

रास्कोट नगरपालिका वडा नम्बर ४ मा बालविवाह न्यूनीकरणसम्बन्धी जनचेतनामूलक कार्यक्रमअन्तर्गत टोल-टोलमा पुगेर बालविवाह गर्नु हुँदैन, बालविवाह गर्नु भनेको कानूनी अपराध हो, सानै उमेरमा विवाह गर्दा स्वास्थ्यमा समस्या आउनेलगायतका विषयमा जानकारी गराउने उद्देश्यले कार्यक्रम गरिएको किशोर किशोरीहरुको भनाइ छ ।

कार्यक्रममा बोल्दै कार्यपालिका सदस्य तथा यस कार्यक्रमका अध्यक्ष सत्य बरालले सामाजिक मूल्य मान्यता र परम्पराअनुसार दलित समुदायमा बढी बालविवाह हुने गरेकाले यसलाई रोक्नका लागि यस्ता खालका सचेतनामूलक कार्यक्रमहरु बढी केन्द्रित गर्नुपर्ने बताए। बरालले समुदायमा विभिन्न सचेतना कार्यक्रम सञ्चालनका लागि गैरसरकारी संस्थाहरुले धेरै सहयोग गरेको बताए ।

परियोजना लागू भएदेखि नागरिक समाज तथा किशोर किशोरीको पहलमा पछिल्लो समय बालविवाह तथा जबरजस्ती गरिने विवाहजस्ता घटनाहरु घट्दो क्रममा रहेको फिल्ड अफिसर मंगल कुमारी उपाध्यायले बताइन् ।

साथै बालविवाह र जबरजस्ती गरिने विवाह रोकथाम परियोजनाअन्तर्गत सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षामा प्राप्तिको सुनिश्चितता भन्ने नाराका साथ वडा नम्बर ८ मा रहेको श्री जनजागृती माविमा विद्यालयका प्रअ नमराज उपाध्याय, सरोकारवाला, विद्यार्थी, अभिभावकलगायतको सहभागितामा भर्ना अभियान कार्यक्रम पनि सम्पन्न भएको छ ।

# सालझण्डी–सन्धिखर्क–ढोरपाटन सडक अनुगमन



**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ७ वैशाख

सालझण्डी सन्धिखर्क ढोरपाटन सडक खण्डको अनुगमन गरिएको छ। सालझण्डी सन्धिखर्क ढोरपाटन सडक योजनाको आयोजनामा पाणिनी गाउँपालिकाको मैदानदेखि पाल्पाको ढुंगेखोलासम्मको निर्माणधिन २२ किलोमिटर सडकको प्रमुख जिल्ला अधिकारी सुर्य बहादुर खत्रीको नेतृत्वमा अनुगमन गरिएको हो ।

अनुगमनका क्रममा निर्माण कम्पनीले सडक निर्माण गर्दा प्रयोग गरिने सामानका गुणस्तर, निमार्णको गति, सडक निर्माणले स्थानीयमा परेको समस्या लगायतका विषयमा प्रमुख जिल्ला अधिकारी खत्री, कोष तथा लेखा नियन्त्रण कार्यालय अर्घाखाँचीका प्रमुख कोष नियन्त्रक छबिन्द्र बेल्बासे, सालझण्डी सन्धिखर्क ढोरपाटन सडक योजना प्रमुख अञ्जु परियार, मैदानका वडा अध्यक्ष इन्द्रमणि घिमिरे, ढोरपाटन सडक योजनाका लेखा अधिकृत योगेश पन्थी, समाजसेवी यादव घिमिरे लगायतको उपस्थितिमा स्थलगत अनुगमन गरिएको सालझण्डी सन्धिखर्क ढोरपाटन सडक योजना प्रमुख अन्जु परियारले जानकारी दिइन् ।

सडक निमार्णबाट प्रभावित स्थानीयबासीहरुले प्रमुख जिल्ला अधिकारी खत्रीसहित अनुगमनमा पुगेको टिमलाई बढी क्षति हुने घरलाई मुआब्जा र बस्ति बचाउन वाल उठाइदिन आग्रह समेत गरेको स्थानीय समाजसेवी यादव घिमिरे बताए । पाल्पाको ढुंग्रे खोलादेखि अर्घाखाँचीको मैदानसम्मको कालोपत्रे गर्ने काम थुदुङ्ग पिके जेवी निर्माण कम्पनीले २०८२ पुस मसन्तासम्म सम्पन्न गनुपर्ने सम्झौता भएको र सोही अनुसार काम अगाडि बढेको निर्माण व्यवसायी सागर भुसालले बताए। अर्घाखाँचीका प्रमुख जिल्ला अधिकारी खत्रीले सम्झौता भएको मितिभित्रै सडक निर्माण गर्दा गुणस्तरलाई ख्याल गरी निधारित मितिभित्रै कालोपत्रे गरेर सक्न निर्माण व्यवसायीलाई निर्देशन दिँदै गुणस्तरीय काम नभएको भए कारबाही गर्ने समेत चेतावनी दिएका थिए ।

# दाङमा आगलागीमा परेर एक जनाको मृत्यु

**सपना बोहरा/मध्यान्ह**
दाङ, ७ वैशाख



दाङमा आगलागी हुँदा एक जनाको मृत्यु भएको छ । दाङको लमही नगरपालिका वडा नम्बर ९ तरूलिया निवासी अन्दाजी ८७ वर्षीय वीरबहादुर बोटेको आगोमा जलेर मृत्यु भएको हो ।

आगलागीबाट दुई घर र एक गोठ जलेर नष्ट भएको छ । आगलागी भएको समयमा घरमा रहेको सामान बचाउने क्रममा बोटेको जलेर मृत्यु भएको इलाका प्रहरी कार्यालय अमिलियाले जनाएको छ । बिहीबार बेलुका ५ बजे जितबहादुर बोटेको घरबाट फैलिएको आगोले वीरबहादुर बोटेको घरसहित एक गोठ जलेर पूर्णरूपमा नष्ट भएको प्रहरीले जनाएको छ ।

'बिहीबार केटाकेटीले सलाई खेलाउने क्रममा घरमा एक्कासी खरको छानोले छाएको जितबहादुर बोटेको घरमा आगलागी भएको थियो,' इलाका प्रहरी कार्यालय अमिलिया प्रहरी प्रमुख लालबहादुर श्रेष्ठले भने, 'घरमा रहेको समान जोगाउने क्रममा उनको आगोमा परेर मृत्यु भयो ।'

आगोमा परी घरमा रहेका खाद्यान्न, लत्ताकपडा, भाडाकुडा जलेर नष्ट भएको छ । आगो स्थानीय, जनप्रतिनिधि र प्रहरीको सहयोगमा नियन्त्रण लिइएको थियो । आगलागिबाट एक लाखभन्दा बढीको क्षति भएको इलाका प्रहरी कार्यालय अमिलिया प्रहरी प्रमुख श्रेष्ठले जानकारी दिए। घरमा आगो लागेको स्थानीयले थाहा पाएपछि प्रहरीलाई खबर गरेका थिए ।

# फोहोरमैला व्यवस्थापनमा जुट्यो सिमकोट गाउँपालिका

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ७ वैशाख



हुम्लाको सिमकोट गाउँपालिका गाउँपालिकाभित्र हुने फोहोरमैला व्यवस्थापना जुटेको छ । गाउँपालिकाले टोल सफा र सुधारको लागि फोहोरमैला व्यवस्थापनमा जुटेको हो ।

गाउँपालिकाले डस्टबिन फोहोर मलाई र सिमकोट गाउँपालिका लेखेर वितरण गर्न थालेको छ। गाउँपालिकाका अध्यक्ष विजय भण्डारीको अध्यक्षतामा डस्टबिन वितरण गरिएको हो। सिमकोट ५ तल्लो गाउँका सात सरसफाइ टोल समितिलाई प्रति टोल पाँच वटाका दरले डस्टबिन वितरण गरिएको गाउँपालिका उपाध्यक्ष सुशीला रोकायाले बताइन् ।

उपाध्यक्ष रोकायाका अनुसार वडा नं.६ माथिल्लो गाउँमा टोल समिति गठन नभएको हुँदा गाउँलाई नै लक्षित गरेर १५ वटा डस्टबिन दिएको छ ।

त्यसै सदरमुकाम सिमकोटभित्र पर्ने मानसरोवर माध्यमिक विद्यालयमा चार, बाल मन्दिर माध्यमिकमा चार, काला सिल्ता आधारभूत दुई, हिमाली बहिरा विद्यालय दुई र भिनसेन आधार भूतलाई दुई गरी पाँच विद्यालयलाई वितरण गरेको छ ।

बजार व्यवसायको हकमा उद्योग वाणिज्य संघलाई गाउँपालिकाले ३० वटा डस्टबिन दिएर बजारका चोकमा आवश्यकता अनुसार उद्योग वाणिज्य संघ हुम्लाले राख्ने निर्णय गरेर शुक्रबार वितरण गरेको छ । गाउँपालिकाले जम्मा ९४ डस्टबिन वितरण गरेको छ भने १ सय २० मा २६ वटा आवश्यकता अनुसार गाउँपालिकाले राख्ने निर्णय गरेको छ। गाउँपालिकाको आर्थिक सहयोगमा डस्टबिन वितरण गरिएको हो ।

डस्टबिन लिएर घरमा थन्क्याउने होइन् कि सदुपयोग गर्ने, त्यस्तै हरायो, फुटायो भने सरसफाइ टोल समिति जिम्मेवार हुने गरेर डस्टबिन वितरण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवास आलेले बताए ।

डस्टबिन फोहोर र भिडभाड हुने स्थानमा राखिने छ, भने हरेक हप्ता शुक्रबार गाउँपालिकाबाट फोहोर लिने ट्याक्टरमा डस्टबिनमा भएको फोहोर सबै गाउँबासी मिलेर हाल्नुपर्ने गाउँपालिका अध्यक्ष भण्डारीले बताए। डस्टबिन वितरण कार्यक्रममा सिमकोट वडा नं.६ का वडा अध्यक्ष नन्द रावत, उद्योग वाणिज्य संघ जिल्ला अध्यक्ष राम बहादुर भण्डारी, विभिन्न टोल समितिका प्रमुख प्रतिनिधि, सिमकोट विमानस्थल प्रतिनिधि, व्यवसायी लगायतको सहभागीता रहेको थियो ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७८/०६/०८ मा दर्ता भएको **रियाना इंटरप्राइजेज प्रा.लि. (प्रा.लि. नं. २७३०५९)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**सिप्लानेट रेष्टुरेण्ट एण्ड बार प्रा.लि. को**
**हकदावी गर्न आउने बारे ३५ दिने लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०४/२१ मा दर्ता भएको **प्रा.लि. नं. २६६९८२/०७८/०७९** को **सिप्लानेट रेष्टुरेण्ट एण्ड बार प्रा.लि.** को मिति २०८०/१२/२९ गतेको विषेश साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः शिशिर प्रसाद कोइराला**
**ईजाजत प्र.प.नं. ५३१, सम्पर्क नं. ९८०१५८४४३३**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०३/११ मा दर्ता भएको **प्रा.लि.नं. २१८०२८/०७५/०७६** को **मार्केटिङ अटोमेसन प्रा.लि.** को मिति २०८१/०१/०८ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**Cyprus तथा Romania मा महिला तथा पुरुषहरुलाई रोजगारको अवसर**

**१.कम्पनीः Mavromatis Employment Bureau Ltd., Cyprus , Laranca**

पूर्व स्वीकृती मितिः २०८१।१।६ | चलानी नं. ६०२१८३७९ | LT.No.303511

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 8 | 5 | काममा दक्ष | 560 | ७९,६९९।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Kitchen Assistant | 5 | 2 | | 560 | ७९,६९९।- | | | | | | | |

अन्तर्वार्ता २०८१ बैशाख १६ गते (28 April, 2024) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

**२.कम्पनीः GEO Trading Company SRL., Bucharest, Romania**

पूर्व स्वीकृती मिति २०७९।१२।०३ | चलानी नं. ६०१९८३१० | LT.No. 282833 | पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पूरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव US$ | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 15 | 10 | सम्बन्धित काममा दक्ष | 550 | ७३,३५३।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 05 | - | | 650 | ८६,६९०।- | | | | | | | |
| 3 | Mason | 05 | - | | 650 | ८६,६९०।- | | | | | | | |
| 4 | Carpenter | 25 | - | | 650 | ८६,६९०।- | | | | | | | |
| 5 | Factory Worker | 25 | - | | 550 | ७३,३५३।- | | | | | | | |
| 6 | General Worker | 25 | 10 | | 550 | ७३,३५३।- | | | | | | | |

अन्तर्वार्ता मिति २०८१ बैशाख १५ गते (27 April , 2024) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु.३०,०००।- |

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

APPS Govt. Lice. No.: 1172/073/074
**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com



ठाउँ चर्चा

# अजयमेरूकोट : जहाँ भेटिन्छ इतिहास

अजयमेरूकोटमा प्राचीन दरबारको भग्नावशेष, नाउला, देवल, वीरखम्ब, कलात्मक सिलिङ, राजाको बैठक स्थलसहितका ऐतिहासिक वस्तु छरिएर रहेका छन् । हाल अजयमेरूमा रहेका तीन नाउलामध्ये दुई नाउला भग्नावशेष अवस्थामा छन् । एक नाउला पानी खान प्रयोग भइरहेको छ ।



■ दिपकराज भट्ट

डडेल्धुराको अजयमेरू गाउँपालिका-२, हाँटकोटमा सुदूरपश्चिमको प्रसिद्ध स्थान अजयमेरूकोट रहेको छ । डडेल्धुरा जिल्ला सदरमुकामको खलंगाबाट पश्चिमतिर आधा घण्टाको कच्ची सडकको यात्रा वा करिब दुई घण्टा पैदल बाटो हिँडेपछि अजयमेरूकोट पुग्न सकिन्छ । यसलाई हाँटकोटको नामले पनि चिनिन्छ ।

बाइसे राज्यकालीन डोटी राज्यको राजधानी अजयमेरूकोटमा प्राचीन कलाको उत्कृष्ट संयोजनबाट निर्मित दरबार छ । देवल, पानीका नाउला, घोडा तबेला, बैठक कक्ष, पोखरीलगायत वास्तुकलाको आकर्षणसमेत कोटमा देख्न सकिन्छ । यो स्थान नदीको किनारमा रहेको डाँडामा अवस्थित छ ।

अजयमेरूकोटको स्थापना कसले गर्‍यो भन्ने आधिकारिक दस्तावेज भेटाउन सकिएको छैन । एकथरी भनाइअनुसार कत्युरी राजवंशका राजा अजयपाल देवले ११औँ शताब्दीको सुरुवाततिर यो दरबारको स्थापना गरेका थिए । अजयपालको नामबाट नै अजयमेरूकोटको नामकरण भएको हो । अजयमेरूकोटको नामकरणको तथ्यसँग डोटी खोलाको अभिलेख पनि मिल्न जान्छ । अर्कोतिर स्थानीय गोरख सेठीको डायरीमा अजयमेरूकोटका प्रथम राजा रञ्जना पालले कोटको स्थापना १३औँ शताब्दीमा गरेको उल्लेख छ । अजयमेरूकोटको स्थापना १३औँ शताब्दीको उत्तरार्द्धमा कत्युरी वंशका दुई भाइ राजकुमार सहस्त्रपाल र निरयपालदेवले वि.सं. १४१९ भन्दा पहिले नै सिञ्जा राज्यसँग लडाइँ गरी जितेर स्वतन्त्र राज्य घोषणा गरेर कोटको स्थापना गरेको उल्लेख छ ।

यस कोटलाई राजा नागी मल्लद्वारा निर्माण गरिएको कोट पनि भन्ने गरेको पाइन्छ । यद्यपि, यो कोट कत्युरी वंशजका पाल राजाले नै निर्माण गरेको प्रमाण भेटिन्छन् । रैका राजवंशका नागी मल्लले वि.सं. १४४१ मा अजयमेरूलाई कब्जा गरेपछि मात्रै अजयमेरूकोट नागी मल्लको कोटका रुपमा चिनिने गएको हो । यस ठाउँमा राजा निरयपालदेवका ताम्रपत्र र वि.सं. १४१९ सम्मका शिलालेखहरु पाइन्छन् ।

वि.सं. १४१९ सम्म अजयमेरूकोट कत्युरी राजवंशका पाल राजाको डोटी क्षेत्रको कोट (दरबार) मानिन्थ्यो । वि.सं. १४४१ को अभिलेख रैका राजवंशका नाग मल्लको भेटिएका कारण वि.सं. १४४१ पछि नागी (नाग) मल्लको कोट अजयमेरू भनियो । वि.सं. १४१९ देखि १४४१ को अवधि (२२ वर्षसम्म) यस कोट वरपर कुनै प्रमाण नभेटिएका कारण यसबीचको अवधिमा कत्युरी पाल र रैकाका बीचमा युद्ध भएको अवधि मान्न सकिन्छ ।

अजयमेरूकोटमा प्राचीन दरबारको भग्नावशेष, नाउला, देवल, वीरखम्ब, कलात्मक सिलिङ, राजाको बैठक स्थलसहितका ऐतिहासिक वस्तु छरिएर रहेका छन् । हाल अजयमेरूमा रहेका तीन नाउलामध्ये दुई नाउला भग्नावशेष अवस्थामा छन् । एक नाउला पानी खान प्रयोग भइरहेको छ । ढुङ्गे देवल र नाउलामा कुँदिएका कलात्मक मूर्तीले प्राचीन वास्तुकला झल्काउँछ ।



अजमेरूकोटको मुख्य दरबार भएको स्थानको डाँडालाई सर्पले बेरेजस्तै गरेर गाड (खोला)ले घेरेको छ । तल गाडदेखि माथि कोट भएको स्थानमा पुग्न १५-२० मिनेट उकालो उक्लनुपर्छ । यस कोट भएको डाँडामाथि दरबार र राजाका भाइभारदारको बस्ने हवेली भग्नावशेषका रुपमा देखिन्छन् ।

दरबारको संरचना सबै भत्केको अवस्थामा छ । बन्ने बेलामा मुख्य दरबार सात तलाको बनेको थियो । यसको सबैभन्दा माथिल्लो तलाबाट उत्तराखण्डमा कत्युरी राजाबाट निर्माण गरिएको कत्युरी राजवंशको कुलदेवी जगदम्बा भगवतीको मन्दिरको दर्शन गर्ने र जल चढाउने गरिन्थ्यो ।

यही छेउतिर राजाका घोडा बाँध्ने स्थान छ । यसलाई स्थानीयवासी ‘घोलिडाँस’ (घोडाको तबेला) भन्ने गर्छन् । यस दरबारस्थलको पूर्व-दक्षिणबाट तल गाड (खोला) भएको स्थानसम्म रानीले पानी भर्न र नुहाउन जाने जमिनभित्रबाट कोरेर ढुंगाले चिनेर माथिबाट बन्द भएको कोटदेखि गाडसम्म जाँदा अँध्यारो नहोस् भन्ने उद्देश्यले बनाएका २५ वटा झ्यालसहितको प्राचीन गुफा छन् ।

कोटस्थलदेखि तल गाडको किनारमा दरबारका मान्छेको बैठक स्थल छ । यसलाई स्थानीयवासी ‘ओखडेकी माँडौ’ भन्छन् । गाडको केहीमाथि चेतराम नाथको घरनजिक दुई वटा देवल छन् । चेतराम नाथको घर तल वैलवाटा भन्ने खेतको नाम करपुटार खेत हो । यसै करपुटार खेतको सिरानमा पानी खाने तीनवटा प्राचीन नाउला छन् ।

यो स्थल ऐतिहासिक मल्लकालको दरबार अवलोकनका लागि प्रसिद्ध छ । यहाँ पुरातात्विक उत्खनन र अध्ययनका लागि पनि विज्ञहरु आउँछन् । यस स्थलमा वार्षिक सरदर आठ-नौ हजार मानिसले भ्रमण गर्छन् । यस कोटको खास विशेषतामध्ये विशाल चट्टानमाथि करिब पाँच रोपनीको थुम्कोमा रहेको किल्लाको अवशेष तीन तिर मजारगाड (खोला)ले घेरिएको मध्यकालीन किल्ला र वास्तुकलाको महत्वपूर्ण रुप नै हो ।

अजयमेरूकोटबारे संवाद

## ‘अजयमेरूकोट संरक्षण र विकास गर्न योजनाबद्ध काम गर्दैछौं’

**पालिकाले अजयमेरूकोटलाई कसरी हेरेको छ ?**

अजयमेरूकोट हाम्रो पालिकाको प्रमुख ऐतिहासिक र पर्यटकीय क्षेत्र हो । हामीले पालिकाको नामाकरण पनि यही कोटको नामबाट राखेका छौं । हामीले यसलाई पालिकाको मुख्य क्षेत्रको रुपमा राखेका छौं । यहाँ सोही अनुसार विकास तथा सम्बर्द्धनका काम गर्दैछौं ।

**कोट संरक्षणमा कसरी काम गरिरहनुभएको छ ?**

हामीले कोट संरक्षणका लागि विभिन्न निकायसँग समन्वय गरेका छौं । अहिले यहाँ नागरिकले जनश्रमदान अभियान चलाएका छन् । नेपाली सेना डडेल्धुराले पनि यस क्षेत्रमा केही कामहरु गर्दै आएको छ ।

कोट संरक्षणका लागि पालिकाको बजेट त छँदैछ, हामीलाई आर्थिकरुपमा प्रदेश सरकार, केन्द्र सरकारले बजेट पारित गरेको छ । साथै, पर्यटन बार्डको पनि केही रकम विनियोजित भएको छ ।

यस क्षेत्रलाई ऐतिहासिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिन्छ भन्ने हामीले मानेका छौं । यो क्षेत्र अजयमेरूको मात्र नभई डडेल्धुराको सातै पालिका र देशको सम्पदा हो । यसमा सबैले चासो दिनुपर्छ भन्ने लाग्छ ।



-उमेश भट्ट ‘विकास’
अध्यक्ष, अजयमेरू गाउँपालिका

**यस क्षेत्रको प्रचार-प्रसारका लागि के-कस्ता कदमहरु चाल्नु भएको छ ?**

एकातिर हामी आफ्नै संयन्त्रमार्फत् यसलाई प्रचार-प्रसार गरिरहेका छौं भने अर्कोतिर सामाजिक सञ्जालको पनि उपयोग गरेका छौं । विशेषत यस सम्पदासँग जोडिने निकायहरुले पनि यसको राम्रो प्रचार-प्रसार गरिदिनुभएको छ ।

**संरक्षणका लागि हालसम्म के-के गर्नुभयो ?**

कोट संरक्षणका लागि भित्री संरचनाहरुमा जान सकेका छैनौं र पनि हामीले यसको संरक्षणका लागि यस क्षेत्रभित्र ढुङ्गे दिवाल बनाएका छौं । नौलाहरुको सरसफाइ गरेका छौं भने बाहिरी भागमा सरसफाइ गर्ने कार्य गरेका छौं । यस्तै कोट नजिकै सेल्फी पोइन्ट बनाएका छौं ।

पछिल्लो समयमा भने अजयमेरूकोटमा कोरोना समय समाप्तपछि आन्तरिक पर्यटकहरुको संख्या भने केही हदसम्म बढेको देख्न सकिन्छ । यहाँ पुराना ढुङ्गाबाट बनेका देबलहरु, नाउला रहेका छन् भने रानीले पानी भर्न जाने गुफासमेत रहेको छ । सबैले यसको संरक्षणमा चासो दिने हो भने पर्यटकको रोजाईमा पर्ने थियो कि ?

# ‘वसन्त रितु’ले सबै भाषामा फुलाएको सन्देश

पुस्तक समीक्षा



■ श्याम रिमाल

गत महिना डा. पुरण राईले एकै चोटि आफ्ना पाँच कृति प्रकाशनमा ल्याए र फागुन १३ गते सबैको एकै पटक विमोचन पनि गराए । एकै समयमा, एकै व्यक्तिले कथासंग्रह, नाटकसंग्रह, दैनिकी, अनुसन्धानात्मक र उपन्यास गरी फरक-फरक विधाका यति धेरै पुस्तक प्रकाशन गर्ने काम कृतिगत अभिलेखमै आउने काम हो र यो जो पायो उसले गर्न सक्दैन पनि ।

यसअघि पनि नेपाल एयरलाइन्स, त्रिभुवन विमानस्थल, काठमाडौंमा कार्यरत डा राईका ‘मेरो देशको भूगोल’, ‘डायस्पोराः लाहुरे स्रष्टा र कविता’ र ‘ब्रिटिस गोर्खा सैनिक साहित्यको इतिहास’ गरी कविता, समालोचना र इतिहाससम्बन्धी तीन कृति प्रकाशन भइसकेका छन् ।

अनलाइन अभिलेख प्रालि र पालिका अभिलेख प्रालि, काठमाडौंद्वारा यसै साल प्रकाशित ‘आप्रवासी नेपाली कवितामा अलंकार विधान’ कृति अलंकार विधानमा नै केन्द्रित भएर गहन अध्ययनका साथ तयार पारिएको पहिलो शोधप्रबन्ध मानिन्छ जुन नेपाल संस्कृत विश्वविद्यालयबाट विद्यावारिधि गर्दाको शोधमा आधारित छ ।

उनका अन्य कृतिमा ‘अस्तु’ कथासंग्रह, ‘लासमाथिको मानवता’ नाटकसंग्रह, ‘डरका बिम्बहरु’ कोभिड डायरी र ‘वसन्त रितु’ उपन्यास हो । ‘अस्तु’ कथासंग्रहमा कोरोना भाइरस र अन्तरजातीय प्रेम तथा विवाहसम्बन्धी आठ कथा छन् । यसमा महामारी र अन्तरजातीय प्रेम तथा विवाहले सिधासोझालाई निम्त्याएको विपत्ति, शोषण, उजाडिएको गाउँ, वृद्धवृद्धा-केटाकेटी मात्र रहेको बस्ती आदि विषय आएका छन् ।


नाटक संग्रह ‘लासमाथिको...’ मा रहेका चार नाटकले नेपाली समाज, सामाजिक मनोविज्ञान र सामाजिक यथार्थलाई विवेचन गरेको छ । समाजले निःसन्तानलाई हेय दृष्टिले हेर्ने गरेकाले सन्तानका लागि भाडामा कोख लिनुपर्ने बाध्यता र मातृत्वको वियोग, लाहुरे बन्नुपर्ने बाध्यता र त्यसमा पाएका दुःख, दलित महिलाले भोग्नुपरेको पीडा, अहिलेका युवाले बाबुआमालाई गर्ने अपमान र तिरस्कार जस्ता विषयवस्तु पनि यसमा अटाएको छ ।

‘डरका...’ कोभिडकालीन डायरी हो । त्यसमा विसं २०७६-७८ सम्मका दैनिकी छन् । कोरोना महामारीको भयावहावस्थालाई समेटेर लेखकले एउटा दर्दनाक कालखण्डलाई यसमा उनले अभिलेखीकरण गरेका छन् । यो खोटाङ, बुइपाबाट आएका एक हवाई उडानकर्मीले नजिकैबाट देखेका, जानेका र सुनेका घटनाको दस्तावेजीकरण पनि हो ।

समीक्ष्य कृति ‘वसन्त रितु’ उनको पहिलो उपन्यास हो । त्यसमा अन्तरजातीय विवाह र त्यसपछि उत्पन्न घटना तथा समस्या केन्द्रमा छन् । राई वंशको केटो ‘वसन्त’ र ब्राह्मण कुलकी केटी ‘रितु’ बिच अन्तरजातीय विवाह भएकाले गाउँबाट सो जोडी भाग्न विवश हुन्छ । त्यसबाट केटाका घरमा केटी पक्षले आगो लगाउँछ, उसका बाआमा गाउँबाट खेदिन्छन् । अनि बाबुआमा र छोराबुहारीसमेतको परिवार अलगथलग हुन्छन् ।

उपन्यासका नायक वसन्त तथा नायिका रितु अर्कै गाउँ र सहरमा भौँतारिरहेका हुन्छन् । विद्यालयको प्रतिभाशाली विद्यार्थी, शिक्षक हुँदै निर्माण व्यवसायी र पछि फेरि शिक्षक नै बनेका वसन्त सशस्त्र द्वन्द्वमा पनि सहभागी हुन्छन् र गिरफ्तार भए पनि भागेर बाहिरिन सफल भएको प्रसङ्ग पनि कृतिमा देखाएर उपन्यासकारले नेपालको दश वर्ष एक कालखण्डलाई समेटेका छन् ।

> ‘वसन्त रितु’ले नेपाली समाज विभिन्न जातीय भावना, साम्प्रदायिकता, धार्मिकता, असहिष्णुता तथा वाद र विचारमा विखण्डित भइरहेको अहिलेका अवस्थामा कृतिले पाठकलाई राष्ट्र-राष्ट्रियताको भावना जागृत गर्नाका साथै संकुचित जातीयताको घेराबाट माथि उठ्न भने प्रेरणा दिने नै विश्वास गर्न सकिन्छ ।




वसन्त-रितुले आफ्नो सन्तानका रुपमा छोरी मौसम जन्मेपछि उनलाई चिकित्सक बनाउने अठोट लिएर रुसमा पढ्न पठाउँछन् । उनी नै स्वदेश आएर गाउँमा आयोजना गरिएको स्वास्थ्य शिविरमा सहभागी हुँदा अलग भएका परिवार-कुलकुटुम्बको भेट हुन्छ र परित्यक्त गाउँमा विशाल उद्यान र स्वास्थ्य केन्द्र खोल्ने योजना तथा काम हुन्छ ।

कथा सारांशमा यही भए पनि यसले ठूलो सन्देश दिएको छ : नेपाललाई नै सबै जात र भाषाभाषी, संस्कृति, धनी-गरिबको साझा फुलबारी बनाउने । अन्तरजातीय प्रेम र विवाह गर्ने वसन्त र रितु तथा तिनकी चिकित्सक छोरी डा. मौसम, वसन्तरितुका साथी स्मृति र उनका लाहुरे पति उद्गम एवम् चिकित्सक छोरा डा. एलमहाङ तथा गाउँका ठालु जिमलघरे र उसका सम्धीसम्धिनी राईकान्छो र उनकी पत्नीको अन्त्यमा मिलन देखाएर समाज परिवर्तनमा जातीयता तगारो बन्न नहुने सन्देश देखाइएको छ ।

अझ नेपालको नक्साको स्वरुपमा विशाल ग्रामीण उद्यान बनाएर त्यसमा नेपालका एक सय २३ भाषाको प्रतिनिधित्व गर्ने गरा र एक सय २५ जाति संकेत गर्ने वर्गाकार भूभागमा नेपालका सबै ऋतुमा फुल्ने फूल रोपिएको छ (विसं २०७८ को बाह्रौं राष्ट्रिय जनगणनामा भने भाषा एक सय २४ र जाति एक सय ४२ पुगेका छन्) । अनि उद्यानका चारैतिर सबै जातिको सांस्कृतिक पहिचान झल्कने घर निर्माण गर्ने योजना पनि बनाइएको छ । यसरी उपन्यासकारले जातीय समानता र राष्ट्रिय भावधारामा सबै नेपाली जनतालाई समाहित गर्नुपर्ने विशाल सन्देश कृतिमा दिएका छन् ।

“...यहाँ हरेक वर्ष ऋतु दिवस मनाइनेछ, फूल दिवस मनाइनेछ । यहाँ हरेक वर्ष फूलहरुको ठूलो मेला लाग्नेछ । यहाँ को साना जात, को ठूलो जात, को छुत, को अछुत केही हुँदैन । यो जातबारी होइन, फूलहरु फुल्ने फुलबारी हुनेछ । ...”, कृतिको मुख्य पात्रमध्येका वसन्तको मुखबाट अभिव्यक्त यस कथनले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको “यो सबै जातको फुलबारी हो...” भन्ने दिव्योपदेशलाई पनि आत्मसात् गरेको छ । परम्परागत ढंगबाटै लेखिएको औपन्यासिक कृतिमा वर्णविन्यासगत र वाक्यगत दोष तथा मुद्राराक्षस ठाउँ-ठाउँमा भेटिन्छन् । केही वाक्यमा नेपाली व्याकरणमा प्रयुक्त हुने वचन र लिङ्गसम्बन्धी नियम पनि भङ्ग भएको पाइन्छ । नेपाली साहित्यमै विद्यावारिधि गर्नुभएका डा राईले ‘प्राकृतिक अवस्थाअनुसार वर्षभरिको दुई-दुई महिनाका दरले फेरिने वातावरणिक स्थिति वा त्यसअनुसार हुने समय विभाजन’ लाई बुझाउने संस्कृत शब्द ‘ऋतु’ का सट्टा ‘रितु’ शब्द शीर्षकमै राखेकाले पाठक अन्योलमा पर्न सक्छन् । नेपाली समाज विभिन्न जातीय भावना, साम्प्रदायिकता, धार्मिकता, असहिष्णुता तथा वाद र विचारमा विखण्डित भइरहेको अहिलेका अवस्थामा कृतिले पाठकलाई राष्ट्र-राष्ट्रियताको भावना जागृत गर्नाका साथै संकुचित जातीयताको घेराबाट माथि उठ्न भने प्रेरणा दिने नै विश्वास गर्न सकिन्छ ।

## कविता : शंका छ



लेखराज रेग्मी

तिम्रो बाबुले हप्काउँदै रोक्न खोजे
आमाले रुँदै बाटो छेकिन
तर तिम्रा खुट्टा चलमलाए अघि बढे
भनिन्छ तिमी देश बदल्न हिँड्यौ
भाग्य बदल्न हिँड्यौ संसार बदल्न
हो होइन मलाई थाहा छैन
न त हामीले आपसमा बात मार्‍यौं
न त सार्वजनिक घोषणा गरेर थात छोड्यौं
कारगिलमा ढल्ने गोर्खा राइफल
फोकलैण्डमा ढल्ने ठूले
खारामा बेनीमा ढल्ने तिम्रो लास
जिन्दगीका विवशतासँग लड्दै
समयले बन्दुक थमाइएका हातहरु
मलाई शंका छ एउटा कुरा
गल्लावालसँग छाती नपाएर ऊ
टिका जमराको साइतमा निस्कियो
फुली र तक्मा बोकेको छातीको सपनासँगै
उतै हरायो उसको सपना उसको संसार
यता भए त उ पनि सायद महान् सहिद बन्थ्यो
उता गएको भा सायद रातो धागो बेरेर चिट्ठी
एकथान पेन्सनको पट्टा तिम्रो घरमा आउँथ्यो
जे हुन्थ्यो तिमी छैनौ अपमानका शब्द सुन्न
कथित अदालतका डर पालेर बाँच्न
वा छातीभरी तक्मा र पेन्सन पट्टा बोकेर
स्वत्व मरेको बासी जिन्दगी जिउन
हो मलाई शंका छ तिमीप्रति
सायद सक्ने थिएनौ यो अपमानित जिन्दगी
सँगै लडेको साथीको बीरगाथा बोकेर थेग्न
लाचार र लम्पसार मेरो जिन्दगी जिउन
भन्न सक्दैन आऊ साटौं मृत्यु र जिन्दगी
तिमी पनि अनुभव गर एकछिन
यहाँ बाँचेर सहिदको गीत गाउन कति दुख्छ
र शंका छ सायद सक्थेनौ तिमी थेग्न यो पीडा
म भन्न सक्दैन जे भयो तिम्रो लागि ठिक भयो
र सक्दैन भन्न म बाँचेको छु उब्रिएको जिन्दगी
यो नाफाको जीवन भन्नु कुनै खुसी छैन
मलाई शंका छ आफैँसँग सायद
अब जुट्ने छैन साहस मेरो छातीमा कतै
के भनौँ, छल भयो तिमीसँग या
महान छ तिम्रो सहादत र फुल्दैछन् सपनाहरु ।

## कविता

### देश समृद्धिको बाटोमा लागिसक्यो !




अनन्तप्रसाद घिमिरे

जहाँ,
जनताको सर्वोच्चता अनि सम्पन्नता होइन
नेताको सर्वोच्चता अनि सम्पन्नतामा विश्वास गरिन्छ ।
अनि भनिन्छ-
देश समृद्धिको बाटोमा लागिसक्यो !
जहाँ,
एयरपोर्टमा अनि बसपार्कमा
उदासी अनुहारमा
विदेशिने युवाहरुको भीड हुन्छ ।
अनि भनिन्छ-
देश समृद्धिको बाटोमा लागिसक्यो !
जहाँ,
बाबु आमाको लासले
विदेशिएका आफ्नै छोराछोरीलाई कुर्नुपर्छ,
पट्यारलाग्दो ढङ्गले ।
अनि भनिन्छ-
देश समृद्धिको बाटोमा लागिसक्यो !
जहाँ,
भाषा, धर्म अनि संस्कृतिमाथि ठाडै हस्तक्षेप हुँदापनि देखिन्छ
नेताहरुमा मौन समर्थन !
अनि भनिन्छ-
देश समृद्धिको बाटोमा लागिसक्यो !
जहाँ,
अनुपम प्राकृतिक सम्पदाहरुको अवमूल्यन गर्दै
संरक्षणका नाममा ब्रम्हलुट मच्चाइन्छ ।
लगाइन्छ घाँटी सुक्नेगरी नारा
अनि भनिन्छ-
देश समृद्धिको बाटोमा लागिसक्यो !
जहाँ,
यावज्जीवेत्सुखं जीवेत् ऋणं कृत्वा घृतं पिबेत्,
भन्ने चार्वाक् दर्शनलाई
नेताहरुबाटै अनुमोदन गराइन्छ ।
अनि भनिन्छ-
देश समृद्धिको बाटोमा लागिसक्यो !
जहाँ,
जनताहरुले भोकभोकै खुल्ला आकाशलाई
निरीह बन्दै छानो बनाउँदा पनि
रातारात ठडिन्छन्,
नेताहरुका लागि आलिसान महलहरु,
अनि भनिन्छ-
देश समृद्धिको बाटोमा लागिसक्यो !

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | काम धेरै बाँकी रहनेछ । स्वास्थ्य खराब हुने योग छ । |
| वृष | : | खर्चमाथि नियन्त्रण राख्नु होला । घरमा विवाद गर्नु हुँदैन । |
| मिथुन | : | कार्य सफल हुनेछ । पेटसम्बन्धी समस्याको योग छ । |
| कर्कट | : | प्रतिष्ठामा वृद्धि हुनेछ । धार्मिक कार्यमा सहभागिता बढ्नेछ । |
| सिंह | : | दिदी बहिनीहरुको सहयोग प्राप्त हुनेछ । पराक्रममा वृद्धिको योग छ । |
| कन्या | : | मनोबल उच्च रहनेछ । विद्यार्थीहरुको लागि शुभ समय छ । |
| तुला | : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । धैर्य राख्नुहोला । |
| वृश्चिक | : | व्यापारमा प्रगति हुनेछ । अनावश्यक दिखावा गर्नु हुँदैन । |
| धनु | : | सरकारी कार्य पूर्ण हुनेछ । तनाव लिनु हुँदैन । |
| मकर | : | सोच विचार गरेर खर्च गर्नु होला । नयाँ साथी बन्ने योग छ । |
| कुम्भ | : | पारिवारिक जीवन सुखी रहनेछ । सबै कार्यमा प्रगति हुनेछ । |
| मीन | : | कर्मचारीहरुमाथि नजर राख्नुपर्छ । लापरबाही गर्नु हुँदैन । |



आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)
इन्टरनेशनल एस्टोलोजिकल फोरम ।
सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,
इमेल : dhruvswamig@gmail.com

# इरानमाथि इजरायलको जवाफी आक्रमण

**काठमाडौं/एजेन्सी–** इरानको सरकारी सञ्चारमाध्यमले शुक्रबार मध्य प्रान्त इस्फहानमा विस्फोट भएको बताएको छ। अमेरिकी सञ्चारमाध्यमले भने अधिकारीहरूलाई उद्धृत गर्दै इजरायलले आफ्नो कट्टर प्रतिद्वन्द्वीमाथि जवाफी आक्रमण गरेको बताएको छ।

सरकारी सञ्चारमाध्यमका अनुसार धेरै इरानी सहरमा हवाई रक्षा प्रणालीलाई सक्रिय तुल्याइएको छ। मुलुकको आधिकारिक प्रसारकले इस्फहान सहर नजिक विस्फोटको आवाज सुनिएको बताएको छ।

सप्ताहन्तमा इरानले इजरायलमाथि सयौं मिसाइल र ड्रोन प्रहार गरेपछि इजरायलले जवाफी आक्रमण गर्ने चेतावनी दिएको थियो। इरानको अधिकांश ड्रोन तथा मिसाइल आक्रमणलाई रोकिएको थियो।

इरानको फार्स समाचार समितिले कहजावरेस्तान, इस्फहान विमानस्थल र शेखरी सेनाको विमानस्थल नजिक 'तीन वटा विस्फोट' सुनिएको बताएको छ। इरानको अन्तरिक्ष एजेन्सीका प्रवक्ता होसेन डेलिरियनले भने 'धेरै' ड्रोनलाई 'सफलतापूर्वक खसालिएको' बताए। 'मिसाइल आक्रमणको कुनै रिपोर्ट गरिएको छैन,' उनले सामाजिक सञ्जाल एक्समा भने।



आधिकारिक आइआरएनए समाचार समितिले भनेको छ, 'कुनै पनि हवाई खतराको प्रभावले कुनै ठूलो क्षति वा ठूलो विस्फोट नभएको रिपोर्टहरूले संकेत गरेका छन्।' इरानको तस्निम समाचार समितिले इस्फहानमा आणविक केन्द्रहरू 'पूर्णरूपमा सुरक्षित रहेको' रिपोर्ट गरिएको बताएको छ।

एबिसी र सिबिएस न्युजले अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै इजरायलले आक्रमण गरेको बताएका छन्। ह्वाइट हाउस वा पेन्टागनका तर्फबाट तत्काल कुनै टिप्पणी आएको छैन। सिएनएनले एक अधिकारीलाई उद्धृत गर्दै इजरायली आक्रमणको लक्ष्य आणविक नभएको बताएको छ। इजरायली सेनाले एएफपीलाई भनेको छ, 'हामीसँग अहिले कुनै टिप्पणी छैन।'

सप्ताहन्तमा इरानले क्षेत्रीय शत्रु इजरायलमाथि आफ्नो पहिलो प्रत्यक्ष आक्रमण गरेको थियो। इजरायलले आफ्ना सहयोगीहरूको सहयोगमा इरानले प्रहार गरेका तीन सय मिसाइल र ड्रोनमध्ये अधिकांशलाई रोकेको र कसैको मृत्यु नभएको बताएको छ।

इरानले सिरियाली राजधानी दमास्कसमा आफ्नो वाणिज्य दूतावासमा अप्रिल १ मा भएको आक्रमणको प्रतिशोधमा इजरायलमाथि आक्रमण गरेको हो। वाणिज्य दूतावासमा भएको आक्रमणका लागि इरानले इजरायललाई दोषी मानेको थियो। उक्त आक्रमणमा इरानको रिभोल्युसनरी गार्डका दुई जनरलसहित सात जना मारिएका थिए।

सन् २०११ मा सिरियामा गृहयुद्ध शुरु भएपछि इरान समर्थित समूहहरूले राष्ट्रपति बशर अल-असदको सेनालाई बलियो बनाएका छन्। इरान प्यालेस्टिनी लडाकू समूह हमास र लेबनानको हिजबुल्लाहको पनि मुख्य समर्थक हो।

इजरायलमाथि इरानको आक्रमणपछि गाजा युद्धबाट ठूलो क्षेत्रीय प्रभावको आशंका बढेको छ। अक्टोबर ७ मा आक्रमण गरेर युद्ध सुरु गर्ने हमासलाई निमिट्यान्न पार्ने वाचा गर्नुभएका इजरायलका प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले इजरायलले इरानविरुद्ध 'आफ्नो सुरक्षा गर्ने अधिकार सुरक्षित राखेको' बताएका छन्।

इजरायलको प्रमुख सहयोगी तथा सैन्य आपूर्तिकर्ता अमेरिकाले इरानमाथि प्रतिशोधात्मक आक्रमणमा सहभागी नहुने स्पष्ट गरेको छ। यद्यपि उसले इरानी आक्रमणमा परिचालन गरिएका ड्रोनको उत्पादनमा संलग्न मानिस र संस्थाहरूविरुद्ध प्रतिबन्ध लगाउने घोषणा गरेको छ।

## MALAYSIA मा रोजगार

कम्पनी : TAFADHDAL SECURITY SDN BHD
शहर: Malaysia, kuala Lampur

पूर्व स्वीकृत मिति: २०८०/०७/१० | चलानी नं.: ६०२०९४०२ | LT. No. 294354 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 7 | 0 | स. काममा दक्ष | 1500 | ४१,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८१ वैशाख १५ गते (27 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ९२२/०६७/०६८
Liberty H.R. Consultant Pvt. Ltd.
Baghdol-4, Lalitpur, Nepal, Tel.: 5191561 | 5191560
Email- info@libertyhrconsultant.com | Web.: www.libertyhrconsultant.com

## यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ASQALAN CONSTRUCTION & DEVELOPMENT L.L.C. | शहर: ABU DHABI

पूर्व स्वीकृत मिति: २०७९/०९/१४ | चलानी नं.: ६०१९४१०३ | LT. No.: 278658 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stone Mason | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३५७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Wood Worker | 20 | 0 | | 1200 | ४३५७२ | | | | | | | |
| 3. | Construction Carpenter | 15 | 0 | | 1200 | ४३५७२ | | | | | | | |
| 4. | Bricklayer Assistant | 10 | 0 | | 900 | ३२६७९ | | | | | | | |
| 5. | Building Labourer | 20 | 0 | | 800 | २९०४८ | | | | | | | |
| 6. | Carpenter Assistant | 10 | 0 | | 800 | २९०४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ वैशाख १५ गते (27 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

License No.: 1542/ 078/079
LOGIN INTERNATIONAL OVERSEAS RECRUITMENT PVT.LTD.
( साविक GLOBAL SAPANA OVERSEAS PVT. LTD.)
Tel: +977-1-5911074/75, Basundhara-3, Kathmandu
E-mail:- loginoverseasrecruitement@gmail.com, Hotline No: 9823815921

## कतारमा रोजगार

कम्पनी : AQUILAA FACILITY MANAGEMENT CO
शहर: Doha

पूर्व स्वीकृत मिति: २०८१/०१/०७ | चलानी नं.: ६०२१८३८४ | LT. No.: 303537

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 32 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | waiter | 0 | 8 | | 1400 | ५१,१९८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ वैशाख १५ गते (27 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

SAAN NEPAL (P.) Ltd. (A manpower consultant)
SAAN NEPAL Pvt.Ltd.
Gov. Lic. No. 734/064/065
Battisputali-9, Kathmandu, Tel.: 01-4584977, 4585077
Email: managersaan@gmail.com | Website: www.saannepal.com.np

## UAE मा रोजगार

कम्पनी : NATIONAL CATERING COMPANY L.L.C
शहर : UAE

पूर्व स्वीकृत मिति: २०८०/१२/०९ | चलानी नं.: ६०२१७८७४ | LT. No.: 301781 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Food Cook | 2 | 0 | स. काममा दक्ष | 1500 | ५४४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Baker | 2 | 0 | | 1200 | ४३५७२ | | | | | | | |
| 3. | Cleaner | 31 | 0 | | 800 | २९०४८ | | | | | | | |
| 4. | Dishwasher | 5 | 0 | | 800 | २९०४८ | | | | | | | |
| 5. | Food Service Supervisor | 15 | 0 | | 2200 | ७९८८२ | | | | | | | |
| 6. | Grilled Meat Maker | 3 | 0 | | 1200 | ४३५७२ | | | | | | | |
| 7. | Kitchen Helper | 28 | 0 | | 800 | २९०४८ | | | | | | | |
| 8. | Messenger | 10 | 0 | | 1200 | ४३५७२ | | | | | | | |
| 9. | Office Cleaner | 4 | 0 | | 800 | २९०४८ | | | | | | | |
| 10. | Storekeeper | 4 | 0 | | 1500 | ५४४६५ | | | | | | | |
| 11. | Waitress | 5 | 0 | | 1200 | ४३५७२ | | | | | | | |

अन्तर्वार्ता सिद्धार्थ होटेल विर्तामोड झापामा २०८० वैशाख १६ (28 April 2024) मा हुनेछ ।
अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर इटहरी सुनसरीमा २०८० वैशाख १७ (29 April 2024) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०८१ वैशाख १८ गते (30 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताचिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
शाखा कार्यालय:- अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), विर्तामोड, झापा
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Branch Office-023-536663 | 9801433027 | 9801433031 | 9801433029

## मलेसियामा रोजगार

कम्पनी : NOZA SECURITY SDN BHD
शहर: TUN RAZAK

पूर्व स्वीकृत मिति: २०७९/१०/१९ | चलानी नं.: ६०१९५९८४ | LT. No.: 280295 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 1 | 0 | स. काममा दक्ष | 1500 | ४१,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ वैशाख १५ गते (27 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Y. K. Manpower Agency Pvt. Ltd.
वाई.के. मेनपावर एजेन्सी प्रा.लि.
Govt. Lic. No. 1439/074/075
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu
Tel.: +977 14499181, +977 14497116, +977 9801234999, +977 9801234995.
E-mail: ykmanpoweragency@gmail.com, info@ykmanpower.com
Web.: www.ykmanpower.com

## साउदीमा रोजगार

कम्पनी: MAALI SAUD MUTLAQ AL-MUTAIRI TO BEVERAGES SERVICES EST
शहर: RIYADH

पुर्व स्वीकृत मिति: २०८१/०१/०६ | चलानी नं.: ६०२१८३७० | L.T. No.:303546

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food And Beverage Counter Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ वैशाख १५ गते (27 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

ईमास्को नेपाल प्रा. लि.
श्रम ईजाजत नं. ११७/०५५/०५६
गोंगबुं, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३६२७०८, ४३५७७०८
फ्याक्स नं.: ४३५७७०८, Mob.: 984319890, 9803140917

## कुवेतमा रोजगार

कम्पनी : AFRAH AL-ZAHABIYA EST FOR DELEVERY CONSUMER ORDERS
शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०७९/१०/०६ | चलानी नं.: ६०१९५३०३ | L.T. No: 279788 | पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 23 | 0 | स. काममा दक्ष | 140 | ६०,५७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ वैशाख १५ गते (27 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Fusion International Pvt Ltd
Panchakumari Marga, New Baneshwor, Kathmandu, Nepal
Tel 01-4465326 | 9805672246 Email: info@fusionintlpvt.com
Website: www.fusionintlpvt.com
Gov Lisence No: 283/058/059

## साउदीमा रोजगारको अवसर

कम्पनी : NEJOUD TRADING COMPANY
शहर: Saudi Arabia, Riyadh

पूर्व स्वीकृत मिति: २०७९/११/०२ | चलानी नं.: ६०१९६५१३ | LT. No.: 280951 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 3 | 0 | स. काममा दक्ष | 1500 | ५३,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ वैशाख १५ गते (27 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

G.C.D. WORLDWIDE PVT. LTD.
Govt. Lic. No.: 519/061/062
Sinamangal-09, Kathmandu, Nepal
Email: worldgcd@gmail.com
Mobile : 9801311389,9801311390,9801311391 9801311392, 9802343401, 9802343402, 9802343403

## साउदीमा रोजगार अवसर

कम्पनी: THANAYA AL BARQ WOODEN FLOORING EST
शहर: RIYADH

पुर्व स्वीकृत मिति: २०८१/०१/०६ | चलानी नं.: ६०२१८३३६९ | L.T. No.:303548

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ वैशाख १५ गते (28 April 2024) मा हुनेछ ।

